**बाढी पहिरोबाट जोगिन**

- जथाभावी सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउँछ।
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढी पहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन ३१ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 16 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४९

## भारतको ७६औं स्वतन्त्रता दिवस सम्पन्न

प्रस, वीरगंज, ३० साउन/

वीरगंजस्थित भारतीय महावाणिज्य




तस्वीरः प्रतीक

दूतावासको कार्यालयले भारतको ७६औं स्वतन्त्रता दिवस कार्यक्रमको आयोजना गरी मनाएको छ।

महावाणिज्य दूतावासमा सोमवार महावाणिज्यदूत नितेश कुमारले झन्डोत्तोलन गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए। उनले सो अवसरमा भारतकी राष्ट्रपति द्रौपदी मुर्मूले देशवासीको नाममा जारी गरेको सन्देश पढेर सुनाएका थिए। सो अवसरमा वीरगंजका विभिन्न विद्यालयका विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेका थिए।

यसैगरी, काठमाडौंस्थित भारतीय राजदूतावासले भारतको ७६औं स्वतन्त्रता दिवस विविध कार्यक्रमको आयोजना गरी मनाएको छ।

दूतावासका काउन्सिलर प्रशन्न श्रीवास्तवले झन्डोत्तोलन गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए। सो अवसरमा उनले भारतका राष्ट्रपति द्रौपदी मुर्मूले स्वतन्त्रता दिवसको अवसरमा भारतवासीको नाममा गरेको सम्बोधन पढेर सुनाएका थिए। कार्यक्रममा दूतावासले भारतीय सशस्त्र बलका दिवङ्गत सैनिकका पत्नी र निकटम नातेदारहरूलाई नेपाली रु दुई करोड ६५ लाख प्रदान गरी सम्मान गरेको थियो।

यसैगरी, दूतावासले आजादीको अमृत महोत्सव हाजिरीजवाफ प्रतियोगिताका विजयीहरूलाई पुरस्कृत गरेको थियो। कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय काठमाडौंका शिक्षक, विद्यार्थीहरूले देशभक्तिका गीतहरू प्रस्तुत गरेको काठमाडौंस्थित भारतीय राजदूतावासले जनाएको छ।



काठमाडौंमा आयोजित कार्यक्रमको दृश्य।



भारत, रक्सौलमा स्वतन्त्रता दिवसमा निकालिएको र्‍याली। तस्वीरः प्रतीक

*प्रस, रक्सौल/*

सीमावर्ती शहर रक्सौलमा पनि भारतको स्वतन्त्रता दिवसको अवसरमा झन्डोत्तोलन गरिएको छ। रक्सौलकी एसडिओ आरती कुमारीले झन्डोत्तोलन गरेकी थिइन्।

यसैगरी, प्रखण्ड कार्यालय प्रमुख श्याम पटेल, थानाध्यक्ष इन्स्पेक्टर नीरज पासवान, नगरपरिषद् कार्यपालक पदाधिकारी मनीष कुमार, अनुमण्डलीय अस्पताल उपाधिक्षक राजीव कुमार, हरैया थाना अध्यक्ष विवेककुमार जयसवाललगायतले आआफ्नो क्षेत्रमा ध्वजारोहण गरेका थिए।

यसैबीच सोमवार आजादीको अमृत महोत्सवमा रक्सौल, मेनरोडबाट मोटर साइकल र्‍याली निकालिएको थियो। आपसी एकताको परिचय दिंदै नारा, जुलुससहित मोटरसाइकल र्‍याली रक्सौलको विभिन्न भागमा परिक्रमा गरेका थिए।

## राष्ट्रपतिको विरोधमा प्रदर्शन

प्रस, वीरगंज, ३० साउन/

नागरिकता विधेयक राष्ट्रपतिले संसद्मा संशोधनका लागि फिर्ता पठाएको विरोधमा वीरगंज र प्रसौनी गाउँपालिका, बारामा लोकतान्त्रिक समाजवादी पार्टीका कार्यकर्ताहरूले विरोध प्रदर्शन गरेका छन्।

लोसपा वीरगंज महानगरका अध्यक्ष ललन सहनीको नेतृत्वमा राष्ट्रपतिको पुतला दहन गरिएको थियो। सो क्रममा प्रदर्शनकारीहरुले नागरिकता विधेयक सदर गरिनुपर्ने माग गरे।

तस्वीरः प्रतीक



## कब्जामा लिएको मल सहमतिमा फिर्ता

प्रस, वीरगंज, ३० साउन/

वीरगंज महानगरका प्रमुख राजेशमान



महानगरमा किसानहरूलाई सहमतिबारे जानकारी गराउँदै नगरप्रमुख। तस्वीरः प्रतीक

सिंहको नेतृत्वमा किसानहरूले आइतवार कृषि सामग्री कम्पनी लि., प्रादेशिक कार्यालय, वीरगंजको गोदामबाट नियन्त्रणमा लिइएको चार ट्रक युरिया मल सोमवार सहमतिमा फिर्ता भएको छ।

वीरगंज महानगरका किसानहरूलाई थप युरिया मल उपलब्ध गराउने कृषि सामग्री कम्पनीका कामु प्रबन्धक, सञ्चालक र सङ्घीय सरकारका कृषि तथा पशुपक्षी मन्त्रीसमेतको सहमति प्राप्त भएपछि सहमति गरेर मल फिर्ता गरिएको वीरगंज महानगरपालिकाले जनाएको छ। सहमतिपत्रमा महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल र कृषि सामग्री कम्पनी लि.का प्रादेशिक प्रमुख चन्द्रप्रसाद चौलागाईंले हस्ताक्षर गरेका छन्।

सहमति अनुसार महानगरपालिकालाई हाल दुई हजार ७७१ बोरा युरिया मल उपलब्ध गराएकामा सोबाहेक एक साताभित्र छ हजार बोरा युरिया मल उपलब्ध गराउने, कृषि सामग्री कम्पनीले उपलब्ध गराउने युरिया मल नयाँ प्रणालीमार्फत महानगरको रोहबरमा वितरण गर्ने र कोलकाताबाट आयात हुने मलमध्ये चार हजार बोरा युरिया मल वीरगंज महानगरलाई थप उपलब्ध गराउने सहमति भएको छ।

नगरप्रमुख सिंहको नेतृत्वमा हिजो किसानहरूले चार ट्रक युरिया मल नियन्त्रणमा लिएर महानगरको बाल मन्दिरमा राखेका थिए।



एकअर्कालाई सहमतिपत्र हस्तान्तरण गर्दै महानगरका प्रमुख प्रशासकीय अधिकृत (दायाँ) र कृषि सामग्री कम्पनीका प्रमुख (बायाँ)। तस्वीरः सौजन्य

## जगरनाथपुर गापामा प्रदर्शन

प्रस, वीरगंज, ३० साउन/

पर्साको जगरनाथपुर गाउँपालिकाले



गाउँपालिका परिसरमा नाराबाजी गर्दै स्थानीय। तस्वीरः प्रतीक

समयमा वृद्धभत्ता, कोरोनापीडित राहत तथा दिवा खाजाको रकम विद्यालयमा नपठाएको भन्दै स्थानीयहरूले सोमवार गापाको कार्यालयमा विरोध प्रदर्शन गरेका छन्। पर्साका अन्य पालिकाहरूले सामाजिक सुरक्षा भत्ता वितरण गरिसकेको तर जगरनाथपुर गापाले अहिलेसम्म सो भत्ता वितरण नगरेको भन्दै स्थानीय ज्येष्ठ नागरिकहरूसमेत गापा कार्यालयमा पुगेर विरोध कार्यक्रममा सहभागी भएका थिए।

नेपाल सरकारले कोभिड प्रभावितका लागि गत वर्ष पठाएको रु ८० लाख छ हजार भत्ता गापाका कर्मचारीहरूको लापरवाहीले वितरण हुन नसकेको स्थानीय शरीफ गद्दीले बताए।

यस सम्बन्धमा गापा अध्यक्ष श्रीकान्त यादवसँग बुझ्दा यही सबै कार्यका लागि आफू अहिले काठमाडौंमा रहेको बताए। उनले आफू हालै निर्वाचित भइआएको तर कर्मचारीहरूले गरेका गलतीको परिणाम अहिले आफूले भोग्नुपरिरहेको बताए।

उनले यसअघिका जनप्रतिनिधिहरूको लापरवाहीपूर्ण कार्यले अहिले यो दशा आइपरेको बताए। उनले सबै कार्य मिलाएर ती भत्ता भदौ महीनामा वितरण गरिने बताए।

## विचारसार र सूक्तिहरू

**कसैको पनि स्मरणशक्ति यति शक्तिशाली छैन कि दक्ष फटाहा बन्न सकोस् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सूचनाको विकास

**एउटा समय थियो, नेपालमा मौसम विज्ञान विभागले गरेको मौसमसम्बन्धी भविष्यवाणीमा मानिसले विश्वास मात्र गर्दैनथे, उल्टो अर्थ निकाल्थे । पानी पर्छ भनेको दिन पानी त के आकाशमा बादल नै नदेखिने, र घाम लाग्छ भनेको दिन पानी नपरेपनि आकाशमा बादल देखिन्थ्यो । आज अवस्था धेरै परिवर्तन भएको छ । आज प्रायः समाचार माध्यमहरूले जल तथा मौसम विज्ञान विभागको भविष्यवाणी मात्र छाप्दैनन्, भविष्यवाणी प्रायः सत्य पनि हुन्छ । यसको कारण जल तथा मौसम विज्ञान विभाग मात्र होइन, समृद्ध प्रविधिको सुविधा र दक्ष मौसमविद्हरूको कार्य क्षमता हो । जति साधन हुन्छ, त्यति सटिक मौसमको जानकारी प्राप्त हुन्छ । आज सेटेलाइटको माध्यमले हामी प्रकृतिको भित्री रहस्य बुझ्न सक्षम हुँदै गएका छौं । त्यो प्रविधि हामीले अरूसँग उधारो लिएको हो । भोलि हामीसँग आफ्नो प्रविधि हुने हो भने मौसमको अझ राम्रो भविष्यवाणी हुन सक्छ । अहिले जल तथा मौसम विज्ञान विभागसँग लामो अनुभव भएका, सोही विषयमा अध्ययन गरेको दक्ष जनशक्ति छ । साथै लामो समय काम गरेबापत प्रविधिइतर ज्ञान पनि छ ।**

**हुनत मौसमबारे जतिसुकै उच्च प्रविधि भए पनि ठ्याक्कै भविष्यवाणी गर्न सक्ने ल्याकत विकसित मुलुकहरूमा पनि छैन । तर उच्च प्रविधि र सयौं वर्षको मौसमको विश्लेषण गरेर उनीहरू करीबकरीब सत्यको नजीक पुग्न सफल हुन्छन् । यसै क्रममा देशको मौसमबारे अझ सटिक जानकारी प्राप्त गर्न भर्खरै जल तथा मौसम विज्ञान विभाग (डिएचएम) ले फिनल्यान्डको फिनिस मेटेरोलोजिकल इन्स्टिच्युट (एफएमआई) सँग सम्झौता गरेर अघि बढ्ने सहमति गरेको छ । यस सहकार्यबाट डिएचएमको मौसम पूर्वानुमान क्षेत्रमा कार्यक्षमता बढ्ने तथा हवाई उड्डयनमा एफएमआईको अनुभव पाएर निरापद उड्डयनको लक्ष्य हासिल गर्न सक्षम हुनेछ । नेपाल भौगोलिक तथा आर्थिकरूपमा सानो मुलुक भएकोले यसको क्षेत्र विविधीकृत छ, जसले गर्दा सबै क्षेत्रको विश्लेषण आफैं गर्न सकिरहेको छैन । फेरि जलवायु परिवर्तनका लागि आफू न्यून जिम्मेवार भएर पनि दुई अति विशाल र औद्योगिक मुलुकहरूको बीच अवस्थित यो सानो मुलुकले मौसमसम्बन्धी प्रतिकूलताको मार खेप्नुपरेको छ । यस्तोमा मौसमसम्बन्धी जोखिमको सामना गर्दै आएको फिनल्यान्डको सहकार्यले नेपाल पनि प्राविधिक क्षमता अभिवृद्धि, संस्थागत सुदृढीकरण र सम्बद्ध क्षेत्रमा अनुसन्धान गर्न सक्षम हुने नै छ ।**

**यसो त जल तथा मौसम विज्ञान विभागले सन् २०१० देखि नै एफएमआईसँग विभिन्न सहयोग प्राप्त गर्दै आएको छ । तर यताका दिनमा जलवायु परिवर्तनको असर नेपालमा समेत नराम्ररी पर्न थालेको छ । यस्तोमा उच्च प्रविधियुक्त दक्षताका साथ काम गर्दा मौसमसम्बन्धी जानकारीबाट विश्व समुदाय र नेपाली जनता पनि लाभान्वित हुने देखिन्छ । समुद्र किनारका मुलुकहरू प्रायः विकसित रहेका र उनीहरूसँग मौसम पूर्वानुमानसम्बन्धी उच्च प्रविधि रहेकोले भूकम्प, सुनामी, बाढीलगायत अन्य मौसम परिवर्तनको समय अगावै सूचना पाएर धन नभए जनको सुरक्षा हुँदै आएको छ । तर पहाड र सँगै टाँसिएको तराईको समतल भूभागका बासिन्दालाई बाढी–पहिरोको सूचना दिन नसक्दा बर्सेनि अनाहक हजारौंको ज्यान जाने गरेको छ । यस सहकार्यबाट नेपालले पनि उच्च प्रविधिको पहुँचबाट मौसम विश्लेषण गरेर, प्राप्त पूर्वानुमानको आधारमा भविष्यवाणी गर्दा प्राकृतिक विपदाबाट केही भए पनि [redacted]**

# गठबन्धनको स्वार्थले देशलाई कता लाने हो ?

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
Koiralarp46@gmail.com


**मुलुकभित्र भइरहेको भ्रष्टाचार, दुराचार, महँगी, कालोबजारी, बेथिति र कुशासनले मानवीय जीवनमा प्रत्यक्ष पारिरहेको असरलाई मध्यनजर गरेरै हुनुपर्छ अधिकांशले यस गठबन्धनलाई 'ठग–बन्धन' भन्ने गरेका छन् ।**

संसदीय निर्वाचनको मिति घोषणापछि नेपाली राजनीति अहिले चर्चाको उत्कर्षमा छ । त्यसमा पनि गठबन्धन बनेको छ मुख्य । संसदीय निर्वाचन प्रणालीमा दलहरू एक्लाएक्लै जन अनुमोदित हुनुपर्नेमा संयुक्तरूपमा अनुमोदन हुने पद्धति अनपेक्षित देखिएको छ । कहीं कतै पार्टीहरूबीच तालमेल हुनुलाई अन्यथा नलिइए पनि वैचारिक धरातल नै नमिल्ने पार्टीहरूबीच पराजित मानसिकताका कारण गठबन्धन गरिएको छ । सरकारमा छँदाछँदै अन्तर्कलह चुलिएपछि अलग पार्टी बनाएर अघि बढेका डा. बाबुराम भट्टराई र यादव अध्यक्ष रहेको पार्टीसमेत हारगुहार माग्दै गठबन्धनको शरणमा पुगेको छ ।

सत्तापक्षविरुद्ध गठबन्धन हुनु स्वाभाविक हो । तर, विपक्षी पार्टीविरुद्ध गठबन्धन गर्नुलाई भने सम्बन्धित पार्टीका विचारक तथा विश्लेषकबाहेकले उचित मानेको देखिंदैन । अझ कतिपय स्वतन्त्र विश्लेषक तथा नागरिक समाजका अगुवाहरूले लोकतन्त्रका निम्ति यो प्राणघातक रहेको तर्क गरिरहेका छन् ।

गठबन्धनलाई स्वतन्त्र बुद्धिजीवीहरूले 'ठगबन्धन' रहेको आरोप लगाउने गरेका छन् । यस्तो आरोप दल–इतर कार्यकर्ता र जनसमुदायको पनि छ । नेपाललाई भन्दा अरू देशका निम्ति कम्फर्टेबल सरकार बनाउन खोज्ने दलहरूबीच भएका गठबन्धनलाई गहिराइमा पुगेर जान्ने, बुझ्ने र व्याख्या गर्नेहरूले गठबन्धनलाई 'ठग–बन्धन' भन्नु अन्यथा होइन भन्ने लाग्छ ।

नागरिक अगुवाहरूले दलहरू जनसमक्ष गई अनुमोदित हुनुपर्नेमा संयुक्तरूपमा जानु लोकतन्त्रका लागि घातक रहेको हुँदा गठबन्धन गरेर आउने दलहरूलाई हराउनुपर्ने र आफू पनि हराउन लागिपर्ने उद्घोष गरे ।

पहिलो प्रजातन्त्र प्राप्तिपछि भएका निर्वाचनदेखि वर्तमानसम्मका संसदीय निर्वाचनहरूमा काङ्ग्रेस एक्लैले धेरैपटक बहुमत ल्याएको छ । गत स्थानीय निर्वाचन अनुसार काङ्ग्रेस ठूलो दलका रूपमा स्थापित भएको छ । उसले, बलियो ठानिएको नेकपा एमालेभन्दा स्थानीय तहमा धेरै पद जितेको छ । मत सङ्ख्या हेर्दा पनि ऊ कम छैन । हिजो एमाले र माओवादी केन्द्र मिल्दा मात्र यस्तो भएको अनुभूति हुन्छ ।

संविधानसभाको पहिलो निर्वाचनमा नेकपा माओवादी केन्द्रले बहुमत प्राप्त गऱ्यो । त्यसपछिको दोस्रो संविधानसभा निर्वाचनमा पनि उसको उल्लेख्य स्थान थियो । यसपछिका निर्वाचनमा मात्र उसको स्थान खस्किंदै गएको हो । गत स्थानीय निर्वाचनमा उसले तेस्रो स्थान प्राप्त गरेको छ । नेकपा एमालेबाट अलग्गिएको नेपाल कम्युनिस्ट पार्टी समाजवादी एमालेभित्रका केही सांसद लिएर स्थानीय निर्वाचनमा होमिएको थियो । यसमा उसले चौथो पार्टीको हैसियत र त्यही अनुरूप पदाधिकारी जितेको छ । यही अनुरूप चल्दै सिद्धान्त र विचार मिल्नेसँग एकीकरण गरेर र कार्यगत एकता वा चुनावी तालमेल गरेर अघि बढेको भए राजनीतिक दृष्टिले उत्तम हुन सक्थ्यो ।

जनता समाजवादी पार्टीले गत संसदीय निर्वाचनमा पनि तराई क्षेत्रबाट उल्लेख्य सिट सङ्ख्या हासिल गरेको थियो । तर स्थानीय निर्वाचनमा अपेक्षित परिणाम आउन सकेको देखिएन । यस्तै अवस्था बाबुराम भट्टराई र यादव अध्यक्ष रहेको समाजवादी पार्टीले र लोकतान्त्रिक समाजवादी पार्टीले पनि क्षमता अनुरूप तराईमा उल्लेख्य स्थान प्राप्त गर्दै गरेको थियो । स्थानीय निर्वाचनपछि अलग्गिएकाले कोसँ कति स्थानीय सरकारका पदाधिकारी रहे भन्ने यकीन भइसकेको पाइँदैन ।

नेपाल कम्युनिस्ट पार्टीले प्रजातन्त्रको उदयदेखि वर्तमानसम्म धेरैपटक निर्वाचनमा भाग लिएको छ । कहिले अल्पमत, कहिले बहुमत पायो । कहिले हङ पार्लियामेन्ट त कहिले बहुमतको सरकार बनाइसकेको छ । गत निर्वाचनमा त नेकपा माओवादी केन्द्रसँग चुनावी तालमेल गरी बहुमत पनि प्राप्त गऱ्यो । यसभन्दा अघिल्लो स्थानीय निर्वाचनमा अरू पार्टीभन्दा बढी मत र पद जितेको थियो । २०७९ को स्थानीय निर्वाचनमा भने दोस्रो पार्टीको हैसियत प्राप्त गरेको छ,मतसङ्ख्याका आधारमा भने सर्वाधिक मत प्राप्त गरेको उसको दाबी छ ।

यस आधारमा हेर्दा गठबन्धन आवश्यक देखिन्न । सबै दलहरू आआफ्नो मुद्दा लिएर जनतासमक्ष गएपछि जनताले जुन जुन पार्टीले जति जति विजय हासिल गर्दछ त्यसैलाई स्विकार्छ । विचार र सिद्धान्त मिल्नेहरूका बीच सहकार्य गरेर सरकार बनाउने बेला गठबन्धन गर्नु चाहिं न्यायिक कार्य हुन सक्छ । दलहरूबीच सरकार बनाउने समयमा विभिन्न दलीय घटकबीच परस्पर संवाद हुनु आवश्यक छ । तर निर्वाचनमा जानुपूर्व नै जित्ने स्वार्थका लागि मात्र गठबन्धन गर्ने कार्यलाई स्वतन्त्र दृष्टिकोण राख्ने बुद्धिजीवीहरूको सन्देश र प्रतिबद्धता मननीय लाग्छ ।

हुन पनि अहिले नै गठबन्धनका गतिविधिहरू परस्पर विरोधाभासले भरिएका छन् । नेपाली काङ्ग्रेस पश्चिमा देशसहित अमेरिकालाई रिझाउन हरसम्भव प्रयत्नशील छ । साथै ऊ हतार हतार युक्रेनका पक्षमा वक्तव्य दिन्छ । माओवादी केन्द्र र समाजवादी दल ती दुवैको विपक्षमा विचार राख्छन् । एसपिपीलाई अस्वीकार गर्ने निर्णय भइसक्दा पनि चिठ्ठी लेख्न आनाकानी गर्छ काङ्ग्रेस । माओवादी केन्द्र र समाजवादी दल विरोध गर्छन् । काङ्ग्रेसको मौनता ताइवानको मामलामा अमेरिकन देशका पक्षमा उभिने सम्भावना छ । असंलग्न परराष्ट्र नीति अनुरूप चलिरहेको नेपाल अब अमेरिकाका् पिछलग्गू हुने अर्थात् कुनै एउटा शक्तिराष्ट्र वा शक्तिसमूह रहेका देशहरूको पिछलग्गू भएर हिंड्ने नीति अँगाल्नुपर्ने धारणा राख्ने व्यक्तिहरू प्रधानमन्त्रीको सल्लाहकार नियुक्त भएका छन् भने सरकार पनि अब पश्चिमा देशहरूतिर संलग्न हुने सङ्केत देखाइरहेको धेरैको टिप्पणी छ ।

दुई महाशक्ति राष्ट्रबीच रहेको नेपाल कुनै शक्ति–देश वा शक्ति–राष्ट्रका पक्षमा उभिंदा भोलि नेपाल समस्यामा पर्ने निश्चित छ । अहिले दलहरूभित्र ठूलो मनोवैज्ञानिक समस्या छ, त्यो भनेको जसरी पनि जित्नैपने; लोकतान्त्रिक संस्कार मिचेर होस् वा करोडौं खर्च गरेर होस् । अरूलाई थिचेर होस् वा बदनाम गरेर । त्यसको परवाह छैन, दलहरूलाई । विदेशीसँग अनैतिक पैसा लिएर, जालझेल र षड्यन्त्रयुक्त समर्थन लिएर वा अन्य कुनै मोलमोलाहिजा गरेर होस् वा देशमाथि आँच आउने वा जनतामाथि धोका हुने नै किन नहोस्, जस्तोसुकै शर्त स्वीकार गरी प्रजातन्त्र ल्याउनेदेखि संसद्मा जित्ने र सरकार बनाउनेसम्म कार्यमा आफू नै हुनुपर्ने रणनीतिमा जुट्ने र जुट्तै आइरहेका छन् नेतृत्व अहिलेसम्म ।

यहाँसम्म कि देशको मेरुदण्ड अर्थतन्त्र र करका दायरा हेरफेर गर्ने, औद्योगिक नीति ध्वस्त बनाएर उद्योगधन्दालाई निजीकरणका नाउँमा पत्ता साफ गराएर परजीवी तुल्याउने शर्तहरू स्वीकार गर्ने कार्यले देशलाई टाट पल्टाउनेसम्मको हदसम्म गिर्ने गरेका छन् दलहरू । यसको पछिल्लो कडी बनेको छ, प्रगतिशील मानिएको अधोगतिशील नागरिकता विधेयक । जुन तल्लो सभा र माथिल्लो सभाबाट पास भएर राष्ट्रपतिकहाँ पुगेर विचाराधीन स्थितिमा छ ।

लालमोहर लगाउन ढिलाइ भइरहेकोतर्फ सङ्केत गर्दै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले तुरुन्त घुमाउरो पाराले लालमोहर नलगाइ नहुने भएकोले विलम्ब नगर्न गरेको चेतावनीयुक्त आग्रहले पनि नेपालका दलहरू विदेशीहरूलाई कम्फर्टेबल हुनेगरी बनेको र यस अघि पनि थुप्रै दलहरू निर्वाचन जित्नदेखि सरकार बनाउने तहसम्म आइपुग्न आशीर्वादको आकाङ्क्षी रहने गरेको स्पष्ट हुन्छ । नागरिक समाज र सारा जनता विपक्षमा हुँदाहुँदै पनि तत्काल नभए पनि, सुदूर भविष्यमा देशलाई ठूलो असर पर्ने निर्णयमा सजिलै दायाँ–बायाँ छाप लगाउँछन् भने दलहरू देशभक्त होइनन्, विदेशीका गोटीमात्र हुन् भन्ने कथनलाई सत्य साबित गरिरहेका छन् भन्ने छर्लङ्ग हुन्छ ।

नागरिकता विधेयकदेखि चुच्चे नक्शा, बाढी र डुबान आदिमा भारतीय बाँधहरूबाट पैदा भएको समस्याबारे बोल्न नसकेको स्थिति, महाकालीको तुइनबाट तरिरहेका नेपालीलाई भारतीय बलले तुइन काटेर बेपत्ता पार्दा पनि नबोल्नु, सेती नदीबाट जलविद्युत् निकाल्ने विषयमा कुनै प्रतिस्पर्धा र शर्तनामा आदि इत्यादि नगराई भारतलाई सुम्पनेजस्ता थुप्रै परिघटनाहरू छन् जसले गठबन्धनका नियत र कार्यशैलीहरू स्वदेशमैत्री छैनन् भन्ने साबित हुन्छ ।

मुलुकभित्र भइरहेको भ्रष्टाचार, दुराचार, महँगी, कालोबजारी, बेथिति र कुशासनले मानवीय जीवनमा प्रत्यक्ष पारिरहेको असरलाई मध्यनजर गरेरै हुनुपर्छ अधिकांशले यस गठबन्धनलाई 'ठग–बन्धन' भन्ने गरेका छन् । अघिल्लो सरकारले कैयौं विसङ्गति र बेथितिहरू सुधार गर्न खोज्यो । कतिपयमा सफलता पायो कतिपयमा आफैं मुछियो, तापनि संसद्बाट चुच्चे नक्शा पास गर्नेदेखि कतिपय राष्ट्रिय हितका कार्यमा क्रियाशील हुन थालेपछि साउथ ब्लकलाई सह्य भएन र उसले आफ्नो स्वार्थ अनुरूप चल्ने सरकार खोजिरहेको अवस्थामा यो सरकार बनेको तथ्य जगजाहेर छ । अझ कम्युनिस्टहरूको एउटै समीकरण बन्न नपाओस् र नागरिकता विधेयक पारित होस् भन्ने अभीप्साले प्रचण्डलाई दिल्ली यात्रा गराइएको धेरै विश्लेषकहरूको तर्कमा दम छ ।

यसर्थ अलोकतान्त्रिक नै भए पनि दलहरूको व्यक्तिगत स्वार्थ र विदेशीहरूको स्वार्थकै कारण यो गठबन्धन कसिलो बन्धनमा बाँधिदै गएको छ । यसले जितेर बहुमत हासिल गरेको अवस्थामा मुलुकले गुमाउन बाँकी सबै गुमाइसक्ने र मुलुक फगत एउटा खोक्रो राष्ट्रमा मात्र परिणत हुने निश्चित देखेर पनि नागरिक अगुवाहरूबाट यस्तो अभिव्यक्ति मुखरित भएको लाग्छ ।

# विद्यार्थीहरूमा अनुशासनहीनता तथा पढाइप्रति उदासीनताका प्रमुख कारणहरू

पाठक मञ्च

**१. ग्रेड सिस्टम :** यसले विद्यार्थीहरूमा नपढिकन पनि पास हुन सकिन्छ भन्ने धारणाको विकास भएको छ । फेल हुने डर हराएर गएको छ, जबकि जीवनको हरेक क्षेत्रमा आफूले गरेको मेहनतको आधारमा फेल र पास हुने सिद्धान्त कायम छ । स्वभावले नै मानिस मौजमस्ती खोज्ने प्राणी (Pleasure seeking animal) हो । यस अवस्थामा नपढीकन पनि पास भइन्छ भन्ने ग्रेड सिस्टमले विद्यार्थीहरूलाई पढाइप्रति गम्भीर हुन दिएको छैन ।

**२. चिटिंग सिस्टम :** SEE परीक्षा होस या 12 को परीक्षा फेल हुने विद्यार्थीहरू पनि व्याप्त चिटिंगले गर्दा राम्रो डिभिजनमा पास भएका छन् । यसले आफूभन्दा जुनियर विद्यार्थीमा प्रत्यक्ष सन्देश दिएको छ : चिन्ता नगर नपढीकन पनि चोरेर पास हुन्छौ र जब विद्यार्थीहरूसँग मेहनत गरेर पढेर पास हुने र चोरेर पास हुने दुईवटै विकल्प छ भने सजिलो तरीका, चोरेर पास हुने छनोट गर्छन् ।

**३. पढाइबाहेक आनन्दको विकल्प :** हाम्रो बेलामा हामीसँग दुईवटा विकल्प थियो : कि पढ्नुपऱ्यो कि खेतमा या जङ्गलमा या गराजमा काम गर्न जानु पऱ्यो । यसो तुलना गर्दा पढाइ नै सजिलो लाग्थ्यो । आज विद्यार्थीहरूसँग पढ्ने वा मोबाइल कम्प्युटरमा गेम खेल्ने, टिकटक र यूट्यूबमा एन्जाय गर्ने दुईवटा विकल्प छ । यसकारण विद्यार्थीहरू दोस्रो विकल्पमा रमाइरहेका छन् ।

**४. पढाइको मूल्य छैन :** मेहनत साथ पढाइ गरेपछि मानिस सफल हुन्छ । नाम र दाम कमाउन सकिन्छ भन्ने मुख्य उत्प्रेरक नै छैन । किनकि आज डिग्री होल्डरहरू पैसा कमाउन सकेका छैनन् र समाजमा चाहिए जस्तो इज्जत र प्रतिष्ठा पनि पाउन सकेका छैनन् । त्यसको तुलनामा धेरै नपढ्ने तर जस्तोसुकै काम गरेर पनि पैसा कमाउने मानिसको बढी इज्जत र प्रतिष्ठा समाजमा पाइएको हुनाले विद्यार्थीहरू ज्ञान आर्जन गर्नुभन्दा पैसा कमाउन काममा बढी केन्द्रित हुन्छन् ।

**५. दण्ड–व्यवस्था नहुनु :** विद्या आर्जन गर्नु एकदमै कठिन काम हो । मोजमस्ती गर्दागर्दै, खेल–खेलमा विद्या आर्जन गर्न सकिन्छ भन्ने कुरा भनाइमा मात्र सीमित हुन्छ । यस्तो अवस्थामा कुनै पनि कार्यमा निरन्तर लागि रहन Reward And Punishment ले सहयोग गर्छ । तर यहाँ पुरस्कार त दिइन्छ तर चाइल्ड फ्रेन्डली एजुकेशनको नाममा सजायमा बन्देज गरिएको छ । जसले गर्दा दण्डहीनता मौलाएको छ, फलस्वरूप विद्यार्थीहरूलाई शिक्षकको पनि डर छैन ।

**ट. अभिभावकको लापरवाही :** घरमा समेत पढने लेख्ने वातावरण सृजना गर्न नसक्नु तथा संस्कार सिकाउन नसक्नु अभिभावकको कमजोरी हो । एकातिर बच्चा पढन बसेको हुन्छ, अर्कोतिर बुबाआमा Tiktok Videos मा व्यस्त हुन्छन् । जसले गर्दा बचचाहरू डिस्ट्रैक्शनको शिकार हुने गर्दछन् । कमसेकम पढ्ने बेला घर शान्त बनाइदिनुपर्छ । बच्चाहरू पढने ठाउँमा बसिदिनुपर्छ । आवश्यक संस्कार सानैदेखि सिकाइदिनुपर्छ ।

- **अब्दुल्लाह कुशवाहा** शिक्षक मूनलाइट अकाडेमी चन्द्रपुर–६, रौतहट


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# दश वर्षमा तीन गुणाले बढ्यो दुर्घटना

– नारायण ढुङ्गाना

काठमाडौं, २९ साउन/रासस

रूकुमपूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकास्थित तक्सेरामा शनिवार सुरक्षाकर्मी चढेको लु.१झ ६६० नम्बरको जीप सडकबाट झन्डै ८० मिटर तल खसेर दुर्घटनामा हुँदा एकजना प्रहरीको मृत्यु भयो भने केही गम्भीर घाइते भए।




उनीहरूलाई सरकारले तत्कालै हेलिकप्टरबाट उद्धार गरेर उपचारका लागि अस्पताल पुर्‍यायो। भौगोलिक हिसाबले विकट क्षेत्रमा भएको उक्त दुर्घटनापछि तत्काल हेलिकप्टरबाट उद्धार नगरिएको भए अझै केही सुरक्षाकर्मीले ज्यान गुमाउन सक्थे।

गत असार २१ गते रामेछापको सुनापाती गाउँपालिका–५ स्थित लुभुघाटमा कच्ची सडकको ठूलो घुम्तीमा हिलेदेवीबाट काठमाडौं आउँदै गरेको बा.३ख ८३९६ नम्बरको यात्रुवाहक मोडिन नपाइ एक्कासि भीरबाट खस्दा १३ जनाले ज्यान गुमाए। त्यस दुर्घटनामा धेरै यात्री गम्भीर घाइते भएका थिए।

स्थानीयका अनुसार अघिल्लो दिन मात्रै सामान्य कसकास गरेर राखिएको बसको अवस्था राम्ररी जाँच नगराउँदा बस दुर्घटनामा परेको हो। प्रहरीले पनि सवारीसाधनको कमजोर अवस्थाका कारण ब्रेकले काम नगर्दा यात्रीले अकालमैं ज्यान गुमाउन पुगेको प्रारम्भिक निष्कर्ष निकालेको थियो।

नेपालको भौगोलिक अवस्था, चालकको लापरवाही तथा गाडीको अवस्था राम्रो नहुनु, सवारीसाधनको सङ्ख्या वृद्धि हुनुलगायतका कारणले दुर्घटना बर्सेनि बढिरहेका छन्। प्रहरीमा रहेको अभिलेख विश्लेषण गर्दा पनि दुर्घटना र मृत्यु तथा घाइतेको ग्राफ बढ्दो छ। पछिल्लो १० वर्षको तथ्याङ्क केलाउँदा सवारी दुर्घटना सङ्ख्या झन्डै तेब्बरले बढेको छ। दुर्घटनाबाट मानवीय क्षति (मानिसको मृत्यु) पनि निकै बढेको पाइएको छ।

दश वर्षअघि (आव २०६८/६९) को तथ्याङ्कमा कुल आठ हजार ९२ दुर्घटना भएका थिए। त्यसमा १४ हजार २८७ सवारीसाधन परेका थिए। दुर्घटनामा एक हजार ८३७ जनाको मृत्यु र चार हजार १९ जना गम्भीर घाइते भएका थिए। ठीक त्यसको १० वर्षपछि आर्थिक वर्ष २०७८/७९ को अभिलेख अनुसार सवारी दुर्घटना ह्वात्तै बढेर २४ हजार ५३८ पुग्यो। उक्त साल ३९ हजार ३७९ सवारीसाधन दुर्घटनामा परे। ती दुर्घटनाबाट कुल दुई हजार ८८३ जनाको मृत्यु भयो भने सात हजार २८२ यात्री गम्भीर घाइते भएका थिए।

दश वर्षअघिको एक वर्ष र १० वर्षपछिको एक वर्षको तथ्याङ्क हेर्दा दुर्घटना सङ्ख्या १६ हजार ४४६ ले बढ्यो भने मानवीय क्षति एक हजार ४६ ले बढी देखियो। ती दुर्घटनामा संलग्न रहेका सवारीसाधन हेर्दा झन्डै आधा मोटरसाइकल परेको देखिएको छ। आर्थिक वर्ष २०७८/७९ का कुल ३९ हजार ३७९ सवारीसाधन दुर्घटना हुँदा मोटरसाइकल मात्रै १९ हजार ९७४ परेको प्रहरी प्रधान कार्यालयको विवरणमा उल्लेख छ। त्यसपछि दोस्रोमा जीप/कार आठ हजार ९७५, त्यसपछि बस दुई हजार ७८६ र चौथोमा ट्रक/टयाङ्कर दुई हजार ४७६ दुर्घटना भएको अभिलेख छ।

दुर्घटनामा परेका सवारीसाधनमध्ये आधा मोटरसाइकल छन्। त्यस कारण यातायातका साधनमा सबैभन्दा बढी जोखिम मोटरसाइकल र त्यसपछि जीप/कार रहेको विवरणले पुष्टि गर्छ। प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह प्रहरीको दुर्घटना न्यूनीकरण अभियानका बीच नै दुर्घटना बढ्दो क्रममा रहेको बताउँछन्।

प्रहरी प्रधान कार्यालयले हालै गरेको तीन महीनाको तुलनात्मक अध्ययनले झन् बढी दुर्घटना बढेको देखाएको छ। गत वर्ष र अहिलेको वैशाख, जेठ, असार तीन महीनाको तुलनामा यस वर्ष सोही अवधिमा ६३.४२ प्रतिशतले दुर्घटना बढेको छ भने मानिसको मृत्यु ३१.५९ प्रतिशतले वृद्धि भएको छ। उक्त तथ्याङ्कले सवारी दुर्घटनाको स्थिति भयावह हुँदै गएको प्रस्ट हुन्छ।

**विसं २०७२ पछि ह्वात्तै बढ्यो दुर्घटना**

प्राप्त विवरणमा विसं २०७२ सालदेखि भने एक्कासि सवारी दुर्घटना र मानवीय क्षतिमा वृद्धि भएको तथ्याङ्कले देखाउँछ। विसं २०७५ सम्म सवारी दुर्घटना सङ्ख्या ११ हजार नाघेको थिएन। त्यसपछि भने दुर्घटना ह्वात्तै बढेको छ। आव २०७६/७७ मा तथ्याङ्क हेर्दा अघिल्लो वर्षको तुलनामा पाँच हजार बढी दुर्घटना भएका छन्। त्यसपछि हरेक आर्थिक वर्ष पाँच हजारकै हाराहारीमा दुर्घटना सङ्ख्यामा वृद्धि भएर दश वर्षको अन्तरालमा तीन गुणाले बढेको पाइएको हो।

**दुर्घटनाको खास कारण के हो, कसरी न्यूनीकरण गर्ने ?**

यातायात विज्ञ आशिष गजुरेल नेपालका यातायात विश्वसनीय, आरामदायी र सुरक्षित नभएको दाबी गर्छन्। "सार्वजनिक सवारीमा यात्री कोचाकोच गरेर राखिएको हुन्छ, कमजोर मेशिनरीको प्रयोग हुन्छ, राज्यको योगदान पनि कमजोर छ, निजी क्षेत्रले चाहेका बेला निकाल्ने र थन्क्याउन सक्ने अवस्था छ, अनुगमनको संयन्त्र छैन," गजुरेलले भने, "त्यस कारण पनि नेपालको यातायात क्षेत्र सुरक्षाका दृष्टिले कमजोर छ।"

उनका अनुसार नेपालमा सवारीसाधनको सङ्ख्या धेरै छ। उनले भने, "सडकको क्षेत्र साँघुरो छ, त्यसले जाम र दुर्घटना पनि बढाउने गरेको छ, फूटपाथ राम्रो छैन, ज्येष्ठ नागरिक, बालिबालिका, अपाङ्गता भएका व्यक्तिमैत्री सडक पनि छैनन्।"

सडक पूर्वाधार, सवारीसाधनको अवस्था, कानून र त्यसको कार्यान्वयन, सडक प्रयोगकर्ताको अनुशासन, तत्काल उद्धार र राहतको अवस्था कस्तो छ भन्ने कुराले निर्धारण गर्ने तर नेपालको यातायात क्षेत्र त्यस्तो नहुँदा सुधार गरे मात्रै सुरक्षित सडक बन्न सक्ने उनी बताउँछन्।

उनी नेपालको राजमार्ग शहरी क्षेत्रबाट लगिनु नै गलत भएको बताउँछन्। त्यसलाई शहरी सडक बनाएर राजमार्ग शहरभन्दा बाहिरबाट लैजानुपर्नेमा उनको जोड छ। ग्रामीण क्षेत्रमा डोजर इन्जिनीयरिङ मात्रै रहेकाले जोखिम बढी छ। सडकमा रेलिङ मात्रै राम्ररी व्यवस्थापन गर्न सकिए धेरै दुर्घटना रोक्न सकिने गजुरेल सुनाउँछन्।

दुर्घटना कम गराउन राज्यले कम्तीमा वर्षको दुईपटक सवारीसाधनको अवस्था प्रमाणित गर्न लगाउनुपर्ने र कडाइका साथ नियम पालना गराउनुपर्ने उनको सुझाव छ। "हेल्मेट लगाउनु ट्राफिक प्रहरीका लागि हो भन्ने जस्तो भएपछि कसरी दुर्घटना कम हुन्छ ?" उनले प्रश्न गरे।

**यस्तो छ १० वर्षको दुर्घटना र मानवीय क्षति**

**आर्थिक वर्ष २०७८/७९ को दुर्घटना**

आव २०७८/७९ मा कुल २४ हजार ५३८ दुर्घटना भए। ती दुर्घटनामा ३९ हजार ३७९ सवारीसाधन संलग्न रहे। ती दुर्घटनाबाट कुल दुई हजार ८८३ जनाको मृत्यु भएको छ भने सात हजार २८२ जना गम्भीर घाइते भएका छन्।

**आर्थिक वर्ष २०७७/७८**

यस आवमा कुल २० हजार ६४० दुर्घटनामा ३३ हजार ९३५ सवारीसाधन परेको पाइएको छ। ती दुर्घटनामा दुई हजार ३०० जनाको मृत्यु भएको छ भने छ हजार ४४८ जना गम्भीर घाइते भएका थिए।

**आर्थिक वर्ष २०७६/७७**

यस आवमा कुल १५ हजार ५५९ दुर्घटना भए। त्यसमा २५ हजार ७८८ सवारीसाधन परेका छन्। दुर्घटनामा दुई हजार २८१ जनाको मृत्यु र चार हजार ६१५ जना गम्भीर घाइते भएका थिए।

**आर्थिक वर्ष २०७५/७६**

आव २०७५/७६ मा १० हजार ३६० सवारी दुर्घटना भएको तथ्याङ्क छ। त्यसमा २२ हजार ८७ सवारीसाधन परेका पाइएको छ। ती दुर्घटनामा दुई हजार ७८९ जनाको मृत्यु भएको छ। चार हजार ३७६ जना गम्भीर घाइते भएका थिए।

**आर्थिक वर्ष २०७४/७५**

यस आवमा कुल १० हजार ९६५ दुर्घटना भए। उक्त दुर्घटनामा १८ हजार ३४ सवारीसाधन परेका र कुल दुई हजार ५४१ जनाको मृत्यु भएको छ। अन्य चार हजार १४१ जना गम्भीर घाइते भएका थिए।

**आर्थिक वर्ष २०७३/७४**

यस आवमा कुल १० हजार १७८ दुर्घटना भएकामा १५ हजार ५१५ सवारीसाधन संलग्न थिए। उक्त दुर्घटनामा दुई हजार ३८४ र चार हजार २५० जना गम्भीर घाइते भए।

**आर्थिक वर्ष २०७२/७३**

कुल १० हजार १३ दुर्घटना हुँदा त्यसमा १६ हजार ५०२ सवारीसाधन परेका थिए। ती दुर्घटनामा दुई हजार छ जनाको मृत्यु भएको थियो भने चार हजार १८२ जना गम्भीर घाइते भएका थिए।

**आर्थिक वर्ष २०७१/७२**

कुल नौ हजार १४५ दुर्घटनामा १४ हजार ८३७ सवारीसाधनमा क्षति भएको थियो। ती दुर्घटनामा दुई हजार चारजनाको मृत्यु भएको र चार हजार ५४ जना गम्भीर घाइते भएका थिए।

**आर्थिक वर्ष २०७०/७१**

यस आवमा जम्मा आठ हजार ४०६ दुर्घटना भएका थिए। त्यस दुर्घटनामा १३ हजार ५२९ सवारीसाधन परेका थिए। दुर्घटनामा कुल एक हजार ७८७ जनाको मृत्यु र तीन हजार ५१६ जना गम्भीर घाइते भएका थिए।

**आर्थिक वर्ष २०६९/७०**

यस आवमा जम्मा दुर्घटना आठ हजार ४८४ भएका थिए। त्यस दुर्घटनामा १३ हजार ५८२ सवारीसाधन संलग्न भएको पाइए। दुर्घटनामा कुल एक हजार ८१६ जनाको मृत्यु तथा तीन हजार ९८६ जना गम्भीर घाइते भएका थिए।

**आर्थिक वर्ष २०६८/६९**

यस आवमा कुल आठ हजार ९२ दुर्घटना भएका थिए। त्यसमा १४ हजार २८७ सवारीसाधन परेका थिए। दुर्घटनामा एक हजार ८३७ को मृत्यु र चार हजार १९ जना गम्भीर घाइते भएका थिए।



अहिले मकैबाली भित्र्याउन किसानहरूलाई भ्याइनभ्याइ छ। मकै लिन खेतबारीमा जाँदै निजगढ नगरपालिका-१२ थलीका स्थानीय। तस्वीर: जीतलाल श्रेष्ठ

# ८८८ जना सङ्क्रमित थपिए

काठमाडौं, ३० साउन/रासस

कोरोना भाइरसको सङ्क्रमण सोमवार ८८८ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा पाँच हजार ७३७ परीक्षणमध्ये ८८८ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो।



शङ्कराचार्यद्वारस्थित कोरोना जाँच केन्द्र। तस्वीर: फाइल/प्रतीक

सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ३८७ पुगेको छ। यस्तै, आज कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई ४७४ जना घर फर्किएका छन्।

आज कोरोना भाइरसको सङ्क्रमणबाट एकजनाको निधन भएको छ। अहिलेसम्म ११ हजार ९८९ जनाको सङ्क्रमणबाट निधन भएको छ। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला कैलाली रहेका छन्। सङ्क्रमित शून्य भएका जिल्ला मुस्ताङ, कालीकोट, डोल्पा र हुम्ला रहेका छन्।

यस्तै, होम आइसोलेशनमा पाँच हजार १८८, संस्थागत आइसोलेशनमा १९९, सघन उपचार कक्ष (आइसियू)मा ६४ र भेन्टिलेटरमा तीनजनाको उपचार भइरहेको छ। विगत २४ घण्टामा एक लाख ५० हजार ६४ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्।

# घाइते महिलाको मृत्यु

जलेश्वर, ३० साउन/रासस

करीब एक साताअघि महोत्तरी जिल्लाको भङ्गाहा नगरपालिका–९ कञ्चनवन गाउँमा एकजना पुरुषले आफ्नी पत्नी र सासूको जीउमा मटीतेल छर्की आगो लगाएकामा गएराति उनकी पत्नीको मृत्यु भएको छ। जिल्लाको रामगोपालपुर नगरपालिका–८ बस्ने शङ्कर सदाले ससुराली गाउँ कञ्चनवनमा सासू ६५ वर्षीया रेश्मादेवी सदासँगै पत्नी ३५ वर्षीया प्रमिलादेवी सदालाई यही साउन २१ गते राति सुतिरहेको अवस्थामा मटीतेल छर्केर आगो लगाएका थिए।

आगलागीबाट सासू रेश्माको हातखुट्टा र पिठ्यूँ जलेको र पत्नी प्रमिलाको दुवै हात र दुवै खुट्टासहित जीउका अधिकांश भाग जलेर सख्त घाइते भएपछि दुवैजनालाई उपचारका लागि जनकपुर प्रादेशिक अस्पताल लगिएको थियो। त्यहाँ उनीहरूको उपचार सम्भव नभएपछि प्राथमिक उपचारपश्चात् थप उपचारका लागि काठमाडौं ल्याइएकामा गएराति ११ बजे प्रमिलाको उपचारकै क्रममा मृत्यु भएको प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले बताए। साथै सासू रेश्माको उपचार अझै भइरहेको बताइएको छ। यता घटनामा संलग्न शङ्करलाई चार दिनअघि प्रहरीले नेपाल–भारत सीमानजीकै जिल्लाको सम्सी गाउँपालिकाबाट पक्राउ गरी कारबाई अगाडि बढाइएको जनाइएको छ।

# साउने मेला समापन

महोत्तरी, ३० साउन/रासस

साउन महीनाको अन्तिम सोमवार आज हिन्दू परम्परा अनुसार साउने मेला समापन भएको छ। आज पनि जिल्लाका जलेश्वरनाथ, टुटेश्वरनाथ, सिद्धनाथ र मङ्गलनाथसहितका प्रसिद्ध शिवालयमा एकाबिहानैदेखि श्रद्धालु भक्तजनको घुइँचो लागेको छ। मधेसको प्राचीन मिथिला क्षेत्रमा साउन महीना भगवान् शिवको प्रिय महीनाको रूपमा लिइन्छ।

साउनको सोमवार शिवका उपासकले व्रत बसी पूजा आराधना गर्दछन्। मैथिल परम्परामा तीर्थ, व्रत र धार्मिक अनुष्ठान प्राय: चन्द्रमासका आधारमा गर्ने चलन छ तर वैशाख सङ्क्रान्तिको जुडशीतल, साउने सङ्क्रान्ति, असोज सङ्क्रान्तिको विश्वकर्मा पूजा र माघ सङ्क्रान्तिका दिन मनाइने तिलासक्रायत पर्व सौरमासको आधारमा मनाइन्छन्।

मास गणनाको आधारमा साउने मेला सौरमास र चन्द्रमास दुवैभित्र परेका सोमवार अति उत्तम मानिन्छन्। दुवै मासभित्र यसपालि साउनमा २, ९, १६ र २३ गते गरी चार सोमवार परेका थिए। सौरमासको गणनाले आजको सोमवार साउनमैं परे पनि चन्द्रमासको गणनाले तीन दिन पहिले नै भदौ लागिसकेको छ। यद्यपि साउने व्रत लिएका बर्तालुले आज पनि पूर्ववत् निष्ठाका साथ व्रत लिएका छन्।

शिव अनुष्ठानका लागि विशेष दिन जुराउनुपर्ने भएपनि व्रत भने आज पनि लिन मिल्ने बर्दिबास–२ का पण्डित महेशकुमार झाले बताए।

साउने सोमवारका बर्तालुले आज शिवालयका शिवलिङ्गमा जल, फूल, गाईको दूध र बेलपत्रसहित सामग्री चढाएर व्रत सम्पन्न गरेको पुकारा गर्छन्। यस व्रतका प्रभावले यस जन्ममा सुख, शान्ति, समृद्धि, कल्याण र मृत्युपछि कैलासबास पाइने विश्वास गरिन्छ।

# बाघले तीनवटा गोही खायो

चितवन, ३० साउन/रासस

चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको गोही प्रजनन केन्द्रका तीनवटा घडियाल गोही बाघले खाएको छ। बाघले गोही खाएको यहाँको यो पहिलो घटना हो। दुईवटा बाघ जुधेपछि घाइते बनेको बाघले प्रजनन केन्द्रमा रहेका गोही खाएको हो।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार घाइते बाघले शिकार गर्न नसकेपछि मानिस छिर्ने गरेको केही होचो पर्खाल नाघेर प्रजनन केन्द्र छिरेको हो। यहाँ रहेका अन्दाजी १२ वर्षका माउ गोही खाएको उनले जानकारी दिए।

बिहानको समयमा बाघले गोही खाएको हो। गोही खाने बाघ अन्दाजी १२ वर्षको भाले हो। सूचना अधिकारी तिवारीले भने, "बाघले गोही खाएको मैले सुनेको पहिलो घटना हो।" गोही खाएपछि बाघलाई 'डार्ट' गरेर नियन्त्रणमा लिई बाँके पठाइएको छ। सो दिन पानी परेकाले ढिलो गरी कर्मचारी प्रजनन केन्द्र गएकाले बाघको आक्रमणबाट बचेका थिए।

बाघले आक्रमण गरी घाइते भएको गोहीलाई बाघ भएको स्थाननजीक लगेर राखी खान आएको समयमा बाघलाई नियन्त्रणमा लिइएको हो। यसअघि बाँकेबाट एउटा बाघ यहाँ ल्याइएको थियो। यहाँ खोर खाली नभएपछि बाँके पठाइएको हो। हाल सौराहामा दुई र कसरामा दुईवटा बाघ खोरमा छन्।

# विद्युतीय सवारीसाधनमा बढ्दै आकर्षण

– रमेश लम्साल
काठमाडौं, २९ साउन/रासस

देशभित्र उल्लेख्य बिजुली उपलब्ध हुन थालेपछि विद्युतीय सवारीसाधन प्रयोग गर्नेको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको छ।




सरकारले पनि विद्युतीय सवारीसाधनको प्रवर्द्धनमा विशेष व्यवस्था गरेको छ। नीतिगतरूपमा प्रस्टता तथा बिजुलीको सहज उपलब्धताका कारण पेट्रोलियम सवारीसाधन छाड्दै क्रमशः विद्युतीय सवारीसाधनको प्रयोगमा उपभोक्ताको आकर्षण बढेको तथ्य एवं तथ्याङ्कले पनि देखाएको छ।

यातायात व्यवस्था विभागको तथ्याङ्क अनुसार मुलुकभर झन्डै ४० लाख सवारीसाधन छन्। दर्ता भएका सवारीसाधनमध्ये डेढ प्रतिशत मात्रै विद्युतीय सवारीसाधन मुलुकभर सञ्चालनमा छ। भन्सार विभागको तथ्याङ्क अनुसार पछिल्लो पाँच वर्षमा झन्डै १४ हजार विद्युतीय सवारीसाधन भित्रिएका छन्। आव २०७४/७५ मा पाँच हजार २३९ वटा विद्युतीय सवारीसाधन आयात भएका थिए।

आव २०७५/७६ मा यो सङ्ख्या चार हजार ७४५ र आव २०७६/७७ मा ५७५ मात्र भित्रिएका थिए। आव २०७७/७८ मा आयात घटेर २६१ मा सीमित भयो। सो आवमा तत्कालीन अर्थमन्त्री खतिवडाले विद्युतीय सवारीसाधनमा अत्यधिक कर वृद्धि गरेपछि आयातमा अत्यधिक गिरावट देखियो।

तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले विद्युतीय सवारीसाधनमा लाग्दै आएको करको दायरा घटाएसँगै विद्युतीय सवारीसाधनको आयात क्रमशः बढ्न थाल्यो। आव २०७८/७९ एक वर्षको अवधिमा एक हजार ८०७ वटा विद्युतीय गाडी नेपाल भित्रिए।

नीतिगत अस्थिरताका कारण माग अनुसार नै विद्युतीय सवारीसाधन आयातमा नकारात्मक असर पर्न गयो। तत्कालीन अर्थमन्त्री डा खतिवडाको नीतिका कारण ओरालो लागेको आयातमा क्रमशः सुधार भइरहेका बेला विदेशी मुद्रा सञ्चितिमा असर परेको भन्दै सरकारले केही कडाइ गऱ्यो।

विदेशी मुद्रा सञ्चितिलाई देखाउँदै डिजेल तथा पेट्रोलबाट सञ्चालित दुईदेखि चार पाङ्ग्रे सवारी आयातमा रोक लगाएको सरकारले विद्युतीय गाडी आयातमा भने प्रतिबन्ध लगाएको छैन।

**यस्तो छ विद्युतीय सवारीसाधनको आयातको विवरण**

डिजेल तथा पेट्रोलबाट चल्ने सवारीसाधन आयातमा रोक लगाएसँगै पछिल्लो समय विद्युतीय गाडी आयातमा वृद्धि भएपनि अपेक्षित नतीजा देखिएको छैन। भन्सार विभागका अनुसार आव २०७८/७९ को तथ्याङ्क अनुसार आयात प्रतिबन्धको असर विद्युतीय सवारीमा परेको छ।

तथ्याङ्क अनुसार सो आवमा सबैभन्दा धेरै विद्युतीय सवारीसाधन चीनबाट भित्रिए। चीनबाट १०० किलोवाटका १६७ र १५०–२०० किलोवाट क्षमताका ६९६ गरी ८२३ वटा गाडी नेपाल भित्रिएका छन्।

चीनपछि भारतबाट धेरै विद्युतीय सवारीसाधन नेपाल भित्रिएका छन्। भारतबाट सय किलोवाट क्षमताका ६९६, दक्षिण कोरियाबाट सय किलोवाट क्षमताका १३२ र फ्रान्सबाट एउटा सवारीसाधन भित्रिएका छन्।

यस्तै, बेलायतबाट सयदेखि १५० किलोवाट क्षमताका १३, दक्षिण कोरियाबाट सयदेखि दुई सय किलोवाट क्षमताका ५२, जापानबाट ७८, बेलायतबाट चारवटा गाडी नेपाल आएका छन्। बेलायतबाट दुई सयदेखि तीन सय किलोवाट क्षमताका चार र तीन सय किलोवाट क्षमताभन्दा माथिका दुईवटा विद्युतीय सवारीसाधन नेपाल भित्रिएका छन्।

एक वर्षको अवधिमा विभिन्न देशबाट रु पाँच अर्ब बढीका चार पाङ्ग्रे विद्युतीय सवारीसाधन भित्रिएका छन्। विभागको विवरण अनुसार एक वर्षको अवधिमा विद्युतीय सवारीसाधन आयातमा मात्रै रु पाँच अर्ब पाँच करोड ३२ लाख ५० हजार बराबरको रकम बाहिरिएको छ।

**सरकारको प्राथमिकता**

सन् २०२१ अक्टोबर ३१ देखि नोभेम्बर १२ सम्म संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी २६औं सम्मेलन (कोप)मा नेपालका तर्फबाट प्रधानमन्त्री शेरबहादुर देउवाले सम्बोधन गरेका थिए। त्यसमा जलवायु परिवर्तनसम्बन्धी सङ्कटले गर्दा नेपाललगायत अल्पविकसित राष्ट्रहरूले भोगेका कठिनाइ र नेपालको स्वच्छ हरित क्रान्तिलाई जलविद्युत् ऊर्जामार्फत प्रवर्द्धन गर्ने र स्वच्छ ऊर्जामार्फत कार्बन उत्सर्जन कटौती गर्न सन् २०३५ सम्म कार्बन प्रदूषणयुक्त स्वच्छ ऊर्जालाई शतप्रतिशत बनाउने लक्ष्य राखिएको छ। यस्तै, सन् २०५० सम्म कार्बन उत्सर्जनलाई शून्यमा झार्ने लक्ष्य राखिएको छ।

विलासी सवारीसाधनको आयात नगर्ने सरकारको नीति छ। आगामी आवमा सरकारी कार्यालयका लागि कुनै पनि सवारीसाधन खरीद नगर्ने व्यवस्था बजेटमा नै गरिएको छ। वैदेशिक मुद्राको सञ्चितिमा चाप परेका कारण ठूलो लागतका कुनै पनि सवारीसाधन खरीद नगर्ने निर्णय सरकारले यसअघि नै गरिसकेको छ। विद्युतीय सवारीसाधनका हकमा पनि त्यस्तै नै गरिएको अर्थ मन्त्रालयको भनाइ छ।

नेपाली बजारमा झन्डै दर्जन बढी मोडलका विद्युतीय सवारीसाधन सय किलोवाटसम्मको क्षमतामा उपलब्ध छन्।

नेपालमा विशेषगरी हुन्डाइ, बिवाइडी, टाटा, दियो, डेरीलगायत ब्रान्डका विद्युतीय सवारीसाधन उपलब्ध छन्। ती ब्रान्डका अधिकांश सवारीसाधन सय किलोवाट वा सोभन्दा कम क्षमतामा उपलब्ध छन्। ती सवारीसाधनको मूल्य आगामी आवको बजेटले बढाउँदैन। विलासी र १०० किलोवाटभन्दा बढी क्षमताका र रु ५० लाखभन्दा बढी मूल्यका सवारीसाधनको हकमा भने चालू आवको बजेटले केही सीमा भने निर्धारण गरेको छ।

विद्युतीय कार बिक्री गर्दै आएका व्यवसायीका अनुसार हुन्डाइ कम्पनीको कोना इभीको ब्याट्री र मोटरको क्षमता सय किलोवाट बराबर छ। त्यस्तै, बिवाइडी ई–६ को ब्याट्री र मोटरको क्षमता ७० किलोवाट बराबर छ। भारतीय कम्पनी टाटाले उत्पादन गर्ने टाटा नेक्सन इभीको ब्याट्री र मोटरको क्षमता सय किलोवाट बराबर छ। यस्तै, बजारमा आउने तयारीमा रहेको निटा भीको ब्याट्री र मोटर क्षमता ७० किलोवाट बराबर छ।

दिगो कम्पनीको दिगोई–८ को ब्याट्री र मोटरको क्षमता १५ किलोवाट बराबर छ। डेरी इभी–७ को १५ किलोवाट, बिवाइडी एम–३ को क्षमता १०० किलोवाट बराबर रहँदा बिलिङ मिनी मोडलको कार पनि २० किलोवाट क्षमता बराबरको आउँदैछ।

चिनियाँ कम्पनीका विद्युतीय सवारीसाधन अझै सस्तो मूल्यमा आउने सवारीसाधन विक्रेताहरूको भनाइ छ। त्यसो त सरकारको समेत लगानीमा साझा यातायातले विद्युतीय सवारीसाधनमध्ये केही देशबाट भित्र्याइसकेको छ। केही आउने क्रममा छ। सुन्दर यातायातले चक्रपथमा विद्युतीय बस नै चलाइरहेको छ।

त्यस्तै, विपी राजमार्गमा विद्युतीय माइक्रोबस नै सञ्चालनमा छन्। विद्युतीय सवारीसाधन वातावरणीय र आर्थिक हिसाबले देशको हितमा छ भन्नेमा सरकार र व्यवसायीको समान धारणा छ। कम क्षमताका विद्युतीय सवारीसाधनले पनि राम्रो माइलेज दिने व्यवसायीको मत छ। स्वदेशी बिजुली, विद्युतीय सवारीसाधन आफैंमा राष्ट्रिय हितका लागि उपयुक्त छ।

नेपाल विद्युत् प्राधिकरणले देशभर नै ५० वटा विद्युतीय सवारी चार्जिङ स्टेशन निर्माण गरिरहेको छ। त्यस्ता स्टेशन निर्माणको अन्तिम चरणमा छन्। निजी क्षेत्रले पनि आफ्नै लगानीमा धमाधम विद्युतीय सवारीसाधन चार्ज गर्ने स्टेशन निर्माण गरिरहेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युतीय सवारीसाधनको प्रवर्द्धनमा आफूहरूले विशेष ध्यान दिएको बताए। नेपाल विज्ञान प्रज्ञा प्रतिष्ठान आफैंले विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि पहल गरिरहेको छ। निजी क्षेत्रका विद्युतीय सवारीसाधन विक्रेताले पनि आफ्नै लगानीमा चार्जिङ स्टेशन निर्माण गरिरहेका छन्। सरकारको नीति नै विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्नेमा नै केन्द्रित छ।



साउन अन्तिम सोमवार झापाको अर्जुनधारा जलेश्वरधाममा भगवान् शिवको पूजा आराधना गर्दै श्रद्धालु भक्तजन । तस्वीरः रासस

## फरक समाचार

# आलुको रसको फाइदा

आलुको प्रयोग हरेक घरमा प्रत्येक दिन हुन्छ। थुप्रै प्रकारका तरकारीमा आलु मिसाइन्छ। बच्चालाई आलु निकै मन पर्छ। आलु खानाले थुप्रै फाइदा हुन्छन् तर के तपाईंलाई थाहा छ आलुभन्दा आलुको रस निकै फाइदाजनक हुन्छ। आलुको रसले हाम्रो छालालाई निकै फाइदा पुऱ्याउँछ। एक गिलास आलुको रसमा भिटामिन ए, बी, सी, के, आयरन, क्यालिशयम, जिङ्क, एन्टिअक्सिडेन्ट, फास्फोरस, कपर, पोटाशियम आदि हुन्छन्।



एउटा रिपोर्ट अनुसार आलुको जुस सबैको लागि स्वस्थकर हुँदैन तर यसलाई कम मात्रामा पिउन सकिन्छ। आलुको रस पानीमा मिसाएर पिउन सकिन्छ। तारेको वा उसिनेको आलुको तुलनामा काँचो आलुमा भिटामिन सी बढी हुन्छ। पकाएपछि आलुमा रहेको भिटामिन सी नष्ट हुन्छ। भिटामिन सी कार्डियोभैस्कुलर रोग, दृष्टि कमजोर र रुघाखोकीबाट बचाउँछ।

भिटामिन बीका १३ वटा प्रकार हुन्छन् र यी सबै आलुमा पाइन्छन्। यसमा फोलेट (भिटामिन बी ९), भिटामिन बी ६ सबैभन्दा बढी हुन्छ। यी सबै हाम्रो स्वास्थ्यका लागि निकै फाइदाजनक हुन्छन्। भिटामिन बी ६ ले इन्सुलिनको निर्माण गर्छ। सङ्क्रमणसँग लड्छ। फोलेटले गर्भमा हुर्किरहेको शिशुको मेरुदण्ड, मस्तिष्कसम्बन्धी विकासलाई राम्रो बनाउँछ।

शरीरको लागि जिङ्क जरुरी हुन्छ। आलुको रसको माध्यमबाट शरीरमा जिङ्कको कमी पूरा गर्न सकिन्छ। जिङ्क पर्याप्त मात्रामा शरीरमा नहुँदा प्रतिरक्षा प्रणाली सही ढङ्गले काम गर्दैन। आलुको रसमा एन्टि–इन्फ्लेमेटरी प्रभाव हुन्छ, जसले सुन्निएको, इन्फ्लेमेशन वा रेडनेस आदि समस्याको हल गर्छ। भनिन्छ, आलुको रस पिउनाले गठिया र अन्य जोर्नी र पिठ्यूँको दुखाइ निको हुन्छ।

आलुको रसमा गैस्ट्रोइन्टेस्टाइनल प्रोटेस्टिभ प्रभाव हुन्छ। यसले अल्सरको उपचारमा मदत गर्छ। पेटको अल्सर बढ्नबाट रोक्न प्रतिदिन एक कप आलुको रस पिउनुपर्छ। यसले एक एन्टिब्याक्टेरियल प्रोबायोटिक पेयसरह काम गर्छ।

आलुमा फाइबर, भिटामिन ए, बी–कम्प्लेक्स र सीजस्ता आवश्यक पोषक तत्त्व हुन्छन्। यी पोषकले तत्त्व शरीरमा कोलेस्ट्रोलको स्तर कम गर्न मदत गर्छन्। आलुको गुदाबाट निकालिएको रस पिउनाले सम्पूर्ण स्वास्थ्य र कोलेस्ट्रोलको स्तर व्यवस्थापन गर्न मदत गर्छ। आलुमा फाइबर हुन्छ, जसले कब्जको समस्या भगाउँछ। पाचनतन्त्रलाई सफा राख्छ। एक गिलास आलुको रस पिउँदा गैस्ट्रोइन्टेस्टिनल ट्रैक्ट सफा हुन्छ र कब्ज पनि टाढा हुन्छ। आलुको रसमा एन्टिअक्सिडेन्ट र एन्टि–इन्फ्लेमेटरी गुण हुन्छ, जसले हृदयको धमनीमा हुने रोकावट, कार्डियाक अरेस्टबाट बचाउँछ। प्रतिदिन तीन/चार ठूलो चमचाको आलुको रसलाई एक गिलास पानीमा मिसाएर पिउनाले हृदयको स्वास्थ्य मजबूत हुन्छ।

**आलुको रसबाट हुने नोक्सानः** जब हामी काँचो आलु खान्छौं भने लेक्टिन नामक एन्टिन्युट्रिएन्ट शरीरमा जान्छ। यो एउटा प्रोटीन हो, जुन कार्बोहाइड्रेटसँग जुड्छ र हाम्रो शरीरको पाचन एन्जाइमले यसलाई टुक्र्याउन सक्दैन। बढी मात्राको लेक्टिनले आन्द्रामा मौजुद स्वस्थ ब्याक्टेरियालाई नोक्सान पुऱ्याउन सक्छ र पोषक तत्त्व अवशोषण सम्बन्धित समस्यालाई जन्माउन सक्छ। यस लेक्टिनबाट छुटकारा पाउन वा यसको नोक्सानबाट बच्नको लागि आलुलाई राम्ररी पकाएर मात्र खानुपर्छ।

# आँखाको रङ्ग किन फरक–फरक हुन्छ

कसैको आँखाको नानी कालो, कसैको खैरो,कसैको नीलो–हरियो देखेका छौं। आँखाको यो रङ्ग मान्छेको जिन्ससँग जोडिएको हुन्छ। जानकारका



अनुसार आँखाको रङ्ग पुतलीमा मैलानिनको मात्राको हिसाबले तय हुन्छ। यसको साथै रङ्ग तय गर्नमा प्रोटिनको घनत्व र वरपर फैलिएको उज्यालोको पनि असर हुन्छ। आँखाको रङ्ग नौवटा भागमा वर्गीकरण गरिएको छ र १६ वटा जिन हुन्छ, जुन आँखाको रङ्गसँग जोडिएको हुन्छ।

दुई प्रमुख जिन आँखाको रङ्गको लागि जिम्मेवार हुन्छन् ती हुन् ओसिए २ र एचईआरसी २। दुवैको क्रोमोसोम १५ मा हुन्छ। एचइआरपिसी २ जिन ओसिए २ को एक्सप्रेशनलाई कन्ट्रोल गर्छ र नीलो आँखाको लागि एचईआरसी २ एउटा हदसम्म जिम्मेवार हुन्छ। त्यस्तै, ओसिए २ एउटा हदसम्म नीलो र हरियो आँखासँग जोडिएको हुन्छ।

अधिकांश मान्छेको आँखा खैरो हुन्छ, किनभने यसलाई विकसित गर्ने जिन नै सबैभन्दा बढी मान्छेमा हुन्छ। भनिन्छ, संसारमा नीलो रङ्गको आँखा भएको मान्छे सबैभन्दा कम छन्।

यो पनि भनिन्छ कि नीलो आँखा भएका मान्छेको पूर्वज एकै हुन्छन्। करीब ६ देखि १० हजार वर्ष पहिले एक बदलाव मान्छेको जिनमा भएको थियो, जसको कारण मान्छेको आँखाको रङ्ग नीलो हुन थाल्यो।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# पाकिस्तानमा वर्षाका कारण मृत्यु हुनेको सङ्ख्या १९६ पुग्यो

बालुचिस्तान, ३० साउन/एएनआई

पाकिस्तानको बालुचिस्तानमा वर्षाजन्य घटनामा परी थप आठजनाको मृत्यु भएको छ। योसँगै पछिल्लो प्राकृतिक प्रकोपमा परी पाकिस्तानमा मृत्यु भएकाहरूको सङ्ख्या १९६ पुगेको छ। मृत्यु भएकामध्ये ९६ जना पुरुष रहेका छन भने ४५ जना महिला छन्। त्यसैगरी, ५५ जना बालबालिकाको मृत्यु भएको जनाइएको छ।


तस्वीरः एपी

वर्षाका कारण बालुचिस्तानका धेरै ठाउँमा आएको बाढी पहिरोले मानवीय र भौतिक क्षति गरेको छ। बाढी पहिरोका कारण पछिल्लो तीन दिनमा ८१ जना घाइते भएका छन्। उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको अधिकारीहरूले जनाएका छन्।

प्राकृतिक प्रकोपमा परी एक लाख सात हजार ३७७ पशु चौपायाहरू पनि मरेको प्रान्तीय प्रकोप व्यवस्थापन प्राधिकरणले जनाएको छ। बलुचिस्तानको बोलान, क्वेटा, झोव, डाक्की, खुज्डर, कोलु, केच, मस्तुङ, हर्नाइ, क्विला साइफुल्लाह र सिब्बीमा बाढी पहिरोले मानवीय क्षति गरेको हो।

बाढी पहिरोले सडक यातायात सेवा, विद्युत्, सञ्चारलगायतका सेवा पनि प्रभावित भएका छन्। ती सेवा सुचारु गर्नका लागि प्रयास भइरहेको अधिकारीहरूको भनाइ छ।

बाढी पहिरोले मानिसहरू बस्ने घरहरूमा पनि ठूलो क्षति पुऱ्याएकाले क्षतिग्रस्त घरका बासिन्दा विस्थापित भएका छन्।

उनीहरूलाई अस्थायी शिविरमा राखिएको छ। स्थानीय एक अधिकारीका अनुसार क्विला साइफल्लाहमा मात्रै झन्डै १२० घर क्षतिग्रस्त भएको पाइएको छ। त्यसैगरी, अन्य ठाउँमा अरू २०० घर क्षतिग्रस्त भएको अधिकारीहरूले जनाएका छन्।

**भीषण वर्षामा परी सुडानमा ५२ जनाको मृत्यु**

खार्तुम/सिन्ह्वा

सुडानमा भीषण वर्षा भएको छ। वर्षाको कारण आइतवार रातिसम्म कम्तीमा पनि ५२ जनाको ज्यान गएको बताइएको छ। यहाँको उत्तरी कोरदोफान राज्यमा बाढीको बढी असर देखिएको छ। सो राज्यमा मात्र १९ जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन्।

यहाँको रक्षा मन्त्रालयले दिएको जनकारी अनुसार उत्तरी र मध्य सुडानमा व्यापक वर्षा भएको छ। यहाँका २१९ हेक्टर क्षेत्रफल कृषियोग्य जमीनमा क्षति पुगेको छ। यस क्षेत्रका पाँच हजारभन्दा बढी घरमा क्षति पुगेको छ।

सरकारले यहाँ प्रहरी, सेना तथा अन्य उद्धारकर्मीहरू परिचालन गरेको छ। दुई दिनदेखि वर्षा जारी रहेकाले थप सतर्कता अपनाउन भनिएको छ। यहाँ गएको जून महीनादेखि नै वर्षा भइरहेको र मानवीय क्षति पुगेको छ। रासस

# सोमालियामा अल सेबाबका तेऱ्हजना लडाकू मारिए

मोगादिसु, ३० साउन/सिन्ह्वा

सोमालियाको सेना र यहाँको संयुक्त राष्ट्रसङ्घीय सेनाले गरेको संयुक्त कारबाईका क्रममा अल सेबाबका कम्तीमा पनि १३ जनाको ज्यान गएको छ।

मध्य सोमालियाको हिरान क्षेत्रमा भएको हवाई कारबाईका क्रममा ती लडाकू मारिएको समाचारमा जनाइएको छ।

सोमाली नेशनल आर्मी रेडियोले दिएको जानकारी अनुसार आइतवार यहाँका सेना र संयुक्त राष्ट्रसङ्घीय सेनाले गरेको हवाई कारबाईका क्रममा ती लडाकू मारिएका हुन्।

हिरान क्षेत्रमा भएको आतङ्कवादीविरुद्ध कारबाईमा ती लडाकू मारिएको सो रेडियोले जनाएको छ। उक्त कारबाईका क्रममा परी अरू केही लडाकू घाइते भएका र अल सबाबका लडाकू भएका आश्रयस्थलहरू पनि ध्वस्त बनाइएको छ।

यहाँका अल सेबाब लडाकूहरूका विरुद्धमा सोमालियाली सेना र संयुक्त राष्ट्रसङ्घीय सेनाले संयुक्तरूपमा आतङ्कवादीविरुद्ध कारबाई थालेका छन्।

पछिल्ला दिनहरूमा अल सेबाबले यस क्षेत्रमा हिंसात्मक क्रियाकलाप सञ्चालन गर्दै आएकाले सो कारबाई अघि बढाइएको बताइएको छ। रासस

# दक्षिण कोरियामा थप ६२ हजार सङ्क्रमित

सोल, ३० साउन/सिन्हवा

दक्षिण कोरियामा पछिल्लो एक दिनमा थप ६२ हजारजना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीहरूले सोमवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा ६२ हजार ७८ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्।

योसँगै दक्षिण कोरियामा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएकाहरूको कुल सङ्ख्या दुई करोड १४ लाख १८ हजार ३६ पुगेको छ।

केही दिन अगाडिसम्म दैनिक एक लाखको हाराहारीमा सङ्क्रमित हुने गरेकोमा अहिले भने घटेको पाइएको छ।

अघिल्लो हप्ता औसतमा दैनिक सङ्क्रमितको सङ्ख्या एक लाख २४ हजार ८२९ रहेको थियो।

अहिले सङ्क्रमित अवस्थामा रहेकामध्ये ५२१ जनाको अवस्था गम्भीर रहेको छ। यो सङ्ख्या अघिल्लो दिनको भन्दा नौ बढी हो।

दक्षिण कोरियामा कोरोनाका कारण पछिल्लो एक दिनमा ५० भन्दा बढीको मृत्यु भएको छ। त्योसँगै अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरूको सङ्ख्या २५ हजार ६७३ पुगेको छ।

**भारतमा चौध हजारभन्दा बढी कोरोना सङ्क्रमित**

नयाँ दिल्ली/सिन्हवा

भारतमा एकै दिनमा १४ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले सोमवार दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा १४ हजार ९१७ जना नयाँ सङ्क्रमित भएका हुन्।

यसैसँगै भारतमा हाल कुल सङ्क्रमितको सङ्ख्या चार करोड ४२ लाख ६८ हजार ३८१ पुगेको सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमवार सार्वजनिक गरेको छ।

भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख १७ हजार ५०८ रहेको छ।

कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ३२ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना शुरू भएबाट हालसम्म पाँच लाख २७ हजार ६९ व्यक्तिको मृत्यु भइसकेको छ।

भारतमा हिजो एक दिनमा १४ हजार २३८ जना कोरोनामुक्त भएका छन्। यसैसँगै कुल चार करोड ३६ लाख २३ हजार ८०४ जना कोरोनामुक्त भएका छन्।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयबाट हालसम्म दुई अर्ब आठ करोडभन्दा बढी मात्रा खोप लगाइएको छ।

भारतमा कोरोना शुरू भएयता हालसम्म ८८ करोडभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ। रासस

बालबालिकाकालाई समयमैं विद्यालय पठाऔं,
उनीहरूको उज्ज्वल भविष्य बनाऔं।
वीरगंज महानगरपालिका कार्यालय

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

# स्थानीय तह निर्वाचनका सत्तरी प्रतिशत उम्मेदवारले बुझाएनन् खर्च विवरण

काठमाडौं, ३० साउन/रासस

विधि र कानूनको पालनामार्फत जनसेवाको सङ्कल्प बोकेर स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिएका करीब ७० प्रतिशत उम्मेदवारले नै आफूले बुझाउनुपर्ने खर्च विवरण बुझाएका छैनन्।



तस्वीरः फाइल

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ को उपदफा (१) र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) मा निर्वाचन खर्चको विवरण सम्बन्धित दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र आयोगले तोकेको ढाँचामा खर्चको बिल भरपाईसहित तोकिएको कार्यालयसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ।

आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले हालसम्म विवरण प्राप्त नभएका उम्मेदवारहरू अधिक देखिएकाले त्यसबारे अध्ययन पूरा भएपछि आयोगले कारबाहीबारे चाँडै निर्णय गर्ने बताए। उनले ढिला गरी पेश हुन आएका खर्च विवरण पनि स्वीकार नगरिने स्पष्ट गरे। आयोगले विजयी र पराजितमध्ये कति उम्मेदवारले खर्च विवरण बुझाएको या नबुझाएको विवरणसमेत तयार गरिरहेको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (२) मा कुनै राजनीतिक दल वा उम्मेदवारले दफा २५ को उपदफा (१) बमोजिम निर्वाचन खर्चको विवरण पेश नगरेमा वा त्यसरी पेश भएको विवरणमा सोही दफाको उपदफा (२) बमोजिम लेखापरीक्षण हुँदा लेखापरीक्षकको परीक्षणका आधारमा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुनेगरी वा गैरकानूनी प्रयोजनका लागि गैरकानूनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ, सो बराबरको रकम जरिवाना गर्न सक्ने व्यवस्था छ। यसरी जरिवानाको कारबाही भएका व्यक्ति आउँदो निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित हुनेछन्।

निर्वाचनको प्रचारप्रसारका क्रममा भएको सम्पूर्ण खर्चको विवरण सो ऐनको अनुसूची-३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ। गत स्थानीय तहको निर्वाचनको मतपरिणाम ढिलाइका कारण काठमाडौं महानगरपालिकाको परिणाम गत जेठ १२ गते घोषणा भएको थियो। त्यसको एक महीनाका हिसाबले असार १२ गते उम्मेदवारहरूले खर्च विवरण बुझाउनुपर्ने हुन्छ। त्यसभन्दा अघि मतपरिणाम घोषणा भएका स्थानीय तहमा सोही मितिले ३० दिनभित्र उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने हुन्छ।

आयोगले गत असार ८ गते विज्ञप्ति जारी गरी खर्च विवरण बुझाउने र नबुझाउने उम्मेदवारको अलगअलग विवरण तयार गरी आवश्यक कारबाहीका लागि सिफारिश गर्न सबै जिल्ला र प्रदेश निर्वाचन कार्यालयलाई निर्देशन दिएको थियो।

आयोगले स्थानीय तह निर्वाचनका लागि महानगरपालिकाका प्रमुख/उपप्रमुखका उम्मेदवारको अधिकतम खर्च सीमा रु सात लाख ५० हजार र उपमहानगरपालिकाको प्रमुख/उपप्रमुखका उम्मेदवारको अधिकतम खर्चसीमा रु पाँच लाख ५० हजार तोकेको थियो। यस्तै, नगरपालिकाको प्रमुख/उपप्रमुखका उम्मेदवारले रु चार लाख ५० हजार र गाउँपालिका प्रमुख/उपप्रमुखका उम्मेदवारले रु तीन लाख ५० हजार खर्च गर्न पाउने गरी तोकिएको थियो। सोही अनुसार वडाध्यक्ष, सदस्य र जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखका उम्मेदवारको पनि खर्चसीमा तोकिएको थियो।

आयोगले २०७९ सालको स्थानीय तहको निर्वाचनका लागि २०७४ सालको स्थानीय तह निर्वाचनमा कार्यपालिका सदस्य निर्वाचनका लागि तोकेबमोजिमको निर्वाचन खर्च सीमालाई यथावत् राखी जिल्ला समन्वय समितिका पदाधिकारीको निर्वाचन खर्च घटाइएको थियो। आयोगले निर्वाचन आचारसंहिता, २०७९ मा कुन तहका उम्मेदवारले सञ्चारमाध्यम र सार्वजनिक स्थानमा प्रयोग र खर्च गर्न पाउने प्रचार सामग्री र खर्चको सीमा पनि तोकेको थियो।

## फिर्ता भएको विधेयक....

प्रमाणीकरणका लागि पठाइने बताए।

उनले कुनै पनि नागरिकलाई नागरिकताबाट वञ्चित नगरिने भनी संविधानले नै सुनिश्चित गरिसकेकाले नेपाली नागरिकका सन्तानहरूलाई नागरिकताबाट वञ्चित गर्ने षड्यन्त्र भए आफूहरू सडक र सदन दुवै ठाउँबाट आन्दोलन गर्ने बताए।

अघिल्लो सरकारले यही बेहोराको अध्यादेश ल्याउँदा राष्ट्रपतिले तत्कालै प्रमाणीकरण गरेको भन्दै अध्यक्ष यादवले अहिले संसद्बाट पास भएको विधेयक फिर्ता गर्नु उचित नभएको उनले जिकिर गरे।

शिक्षा, स्वास्थ्य र सामाजिकरूपमा पछाडि परेको पिछडा वर्गलाई राज्यको मूलधारमा ल्याउने जिम्मेवारीसमेत राज्यकै रहेको उल्लेख गर्दै उनले पिछडा वर्गलाई शिक्षा र स्वास्थ्य क्षेत्रमा विशेष जोड दिनुपर्ने बताए।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले पिछडा वर्गको उत्थान र विकासका लागि प्रदेश सरकारले नीति तथा कार्यक्रममैं समावेश गरेर रु पाँच करोड बजेटसमेत विनियोजन गरिसकेको जानकारी दिए। उनले छिट्टै पिछडा वर्ग विकास समिति गठन गरेर पिछडा वर्गको शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिने बताए।

महासङ्घका अध्यक्ष भरतप्रसाद महतोको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मधेस सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, पूर्वआन्तरिक मामिला मन्त्री ज्ञानेन्द्र यादव र नेता जीतेन्द्र यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेस प्रदेश (नेपाल)

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०७९।०४।३१ गते

यस कार्यालयको निम्न बमोजिमको ठेक्का मिति २०७९।०३।१७ गते अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्रसम्बन्धी सूचना बमोजिम दर्ता भएका दरभाउपत्रहरूमध्ये तपसिल बमोजिमका दरभाउपत्र स्वीकृत गर्न मूल्याङ्कन समितिको सिफारिश भइआएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ (संशोधनसहित)को दफा २७ उपदफा २ अनुसार सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित दरभाउपत्रहरूका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्रसं | ठेक्का नं | मूअकरसमेतको कबोल रकम | सारभूतरूपमा प्रभावग्राही फर्मको नाम |
|---|---|---|---|
| १ | ०८/२०७८/७९ | रु १७,९६,१८४.७२ | कुशवाहा स्टील फर्निचर उद्योग, कलैया-११ |

प्राइम लाइफ
प्रधान कार्यालयः हात्तीसार, काठमाडौं, नेपाल
फोन नं.: ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं.: २५९७९

**हकदाबीसम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरूको बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने बेहोरासमेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्रसं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | १५१०००१०७० | धनसुन्दर प्रसाद | बलिरामपुर-५ |

# विद्यालय व्यवस्थापनसँगै शिक्षक अभिभावक सङ्घ गठन

प्रस, पंचगावाँ, ३० साउन/

पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नं १ स्थित भोलेशङ्कर आधारभूत विद्यालय औराहा रेन्जमा सोमवार विद्यालय व्यवस्थापन समिति गठन भएको छ।

अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा जगन्नाथप्रसाद राय, सदस्यहरूमा तुलसी महतो, हिमप्रसाद सिलवाल, सचिता बुढाथोकी, गोपाल हजरा, श्यामबहादुर सिलवाल, शिक्षक प्रतिनिधि सुरेन्द्रप्रसाद महतो, सदस्य–सचिवमा विद्यालयका प्रधानाध्यापक चनकेश्वर भण्डारी सर्वसहमत चयन गरेको छ।

यसैगरी, विद्यालयमा शिक्षक अभिभावक सङ्घ गठन गरेको छ।

शिक्षक अभिभावक समितिको अध्यक्षमा हृदयनारायण राउत, सदस्यहरूमा देवीबहादुर थापा, देवराज घिमिरे, उमाकुमारी बस्नेत, निर्भयप्रसाद कुर्मी, सुनीता गिरी, सन्तोष पटेल र सदस्य–सचिवमा विद्यालयका प्रअ चन्केश्वर भण्डारी सर्वसहमत चयन भएका छन्।

कार्यक्रममा सखुवाप्रसौनी गापा वडा नं १ का अध्यक्ष वासुदेव महतो, सखुवाप्रसौनी गापा शिक्षा शाखा प्रमुख नेपालेन्दु साहलगायत सहभागी थिए।



तस्वीर: प्रतीक

# सर्पदंशबाट एकजनाको मृत्यु

प्रस, सेढवा, ३० साउन/

पर्साको जीराभवानी गाउँपालिकामा सर्पदंशबाट एकजनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा वडा नं २ सेढवा निवासी करीब ७० वर्षका अकलु दास थारू रहेका छन्। थारूलाई खेतमा धान गोडमेल गर्ने क्रममा सर्पले टोकेको थियो।

सामान्य कीराले टोकेको भन्दै दास गोडमेल कार्यमैं व्यस्त रहेको परिवारजनले जनाए।

एक/डेढ घण्टापछि विष फैलिएर असर गर्न थालेपछि उनले घरपरिवारलाई सर्पले टोकेको जानकारी गराएका थिए। उपचारको लागि ठोरी गाउँपालिकास्थित



सर्पदंश उपचार केन्द्रमा लैजाने क्रममा दासको मृत्यु भएको थियो।

# ठोरीमा कोभिडविरुद्धको घुम्ती शिविर

प्रस, पोखरिया, ३० साउन/

ठोरी गाउँपालिकामा कोरोनाविरुद्ध घुम्ती सेवा शुरू भएको छ।

जनालाई आज खोप लगाइएको कमिटी नर्स सुमनकुमारी साहले बताइन्।

शिविरमा कमिटी नर्स सविता सिंह,



तस्वीर:प्रतीक

अस्ट्रेलियन एड, आसमान नेपाल र वाग्मती सेवा समाजको संयुक्त आयोजनामा सोमवार वडा नं ३ मा कोभिड–१९ विरुद्धको खोप लगाइएको छ। वडा नं ३ मा खोप नलिएका, पहिलो खोप लिएका र बुस्टर डोज गरी २८७ स्वास्थ्य चौकी इन्चार्ज फजिल अहमदले प्राविधिक सहयोग गरेका थिए।

वाग्मती सेवा समाजकी साहले ठोरी गापाका पाँचवटै वडामा कोभिड–१९ विरुद्धको घुम्ती सेवा सञ्चालन गरी खोप लगाउने कार्यक्रम रहेको बताइन्।

# नेरेसो, रौतहटमा यादव निर्वाचित

प्रस, रौतहट, ३० साउन/

नेपाल रेडक्रस सोसाइटी, रौतहट शाखाको अधिवेशनबाट सभापति पदमा राजकिशोर यादव निर्वाचित भएका छन्।

४८ मत ल्याइ यादव निर्वाचित भएका हुन् भने उनका प्रतिद्वन्द्वी सञ्जीवकुमार मल्लिकले ३३ मत ल्याएका थिए।

नवनिर्वाचित समितिको उपसभापतिमा अनिरुद्ध महतो ४६ मत ल्याइ विजयी भए भने उनका प्रतिद्वन्द्वी सपूत कार्कीले ३१ मत ल्याए।

महिला उपसभापतिमा नीलु झाले ४६ मत ल्याइ विजयी भइन् भने उनका निकटतम प्रतिद्वन्द्वी भुवनीकुमारी श्रेष्ठले ३० मत ल्याएकी थिइन्।

मन्त्री पदमा धर्मेन्द्रप्रसाद सिंह ४७ मत ल्याइ विजयी भए भने उनका प्रतिद्वन्द्वी विनोद गिरीले २९ मत पाएका थिए।

कोषाध्यक्षमा रामाधारराय यादव ४५ मत ल्याइ विजयी भए भने प्रतिद्वन्द्वी विजयकिशोर झाले ३२ मत पाए।

उपमन्त्रीमा मो. हसरे आलम ४६ मत ल्याइ विजयी भए भने प्रतिद्वन्द्वी अफताब आलमले ३१ मत पाए।

उपकोषाध्यक्षमा शेख कमुद्दीन ४१ मत ल्याइ निर्वाचित भए भने उनका प्रतिद्वन्द्वी वीरेन्द्रकुमार मिश्रले ३३ मत पाए।

सदस्यमा पूनम देवी, शिलाकुमारी यादव, उर्मिलादेवी यादव, रामएकबाल साह, बालकुमारप्रसाद जयसवाल, तेजनारायणप्रसाद यादव, घनश्यामसुन्दर श्रेष्ठ, सञ्जयकुमार यादव, शेख कलामुल्लाह, रामविलास साह कानू विजयी भएको नेपाल रेडक्रस सोसाइटी, रौतहट शाखाले जनाएको छ।

# स्वास्थ्य स्वयंसेविकालाई अभिमुखीकरण

प्रस, पोखरिया, ३० साउन/

बारा र पर्साका अपाङ्ग बालबालिकाहरूको लागि आधारभूत



तस्वीर: प्रतीक

शिक्षा र स्वास्थ्यको ढोका खुल्ला गरौं परियोजना अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकाको लागि एक दिने अभिमुखीकरण कार्यक्रम पोखरियामा सम्पन्न भएको छ।

विपी नेत्र प्रतिष्ठान भरतपुरको आयोजना र पोखरिया नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा भएको कार्यक्रममा डा प्रशान्त पौडेल, जनक भट्टराई, सुनीलकुमार यादवले प्रशिक्षण दिएका थिए।

उपप्रमुख रूबी ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्र, शिवकुमार पटेललगायतको सहभागिता थियो।

कार्यक्रममा पोखरिया नगरपालिकामा रहेका कान नसुन्ने, आँखा नदेख्ने, नाकसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई आधारभूत शिक्षा र स्वास्थ्यबाट वञ्चित नहोस् भन्ने उद्देश्यले त्यस्ता बालबालिकालाई खोजी गर्ने र मङ्सिरमा सञ्चालन हुने निश्शुल्क शिविरमा उपचार गराउँदा स्वयंसेविकाहरूको भूमिकाबारे जानकारी गराइएको थियो।

# अवैध सालको चिरान काठ नियन्त्रणमा

प्रस, निजगढ, ३० साउन/

डिभिजन वन कार्यालय, बाराको प्रहरी, स्थानीय जनप्रतिनिधिहरूको सहभागितामा वन कर्मचारी र सशस्त्र



छापामारीबाट प्रहरीले बरामद गरेको काठ। तस्वीर: प्रतीक

टोलीले सोमवार छापामारी गर्दा तीन लाख ५० हजार मूल्य बराबरको सालको चिरान काठ बरामद गरेको छ।

जीतपुरसिमरा उपमहानगरपालिका–१६ स्थित मगरटोलबाट अवैध सालका चिरान काठ लुकाइछिपाइ राखेको अवस्थामा नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए।

विशेष सूचनाको आधारमा नेपाल वन सुरक्षाकर्मीको टोलीले ८५ थान ६३.१४ क्यूफिट चिरान काठ बरामद गरेको हो। सो काठको हालको बजार मूल्य तीन लाख ५० हजार रहेको अनुमान छ।

सोही बस्तीनजीकैको वनक्षेत्रबाट दुई दिनअघि डिवका, बाराका सहायक वन अधिकृत आबिद हुसैन नेतृत्वको गस्ती टोलीले तीनवटा सालको गोलिया र एक थान मोटरसाइकलसमेत नियन्त्रणमा लिएको थियो।

# फिर्ता भएको विधेयक पुनः दुवै सदनबाट पारित गरी पठाइने –अध्यक्ष यादव

जनकपुरधाम, ३० साउन/रासस

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले राष्ट्रपति



तस्वीर: सौजन्य

कार्यालयबाट फिर्ता भएको नागरिकतासम्बन्धी विधेयक पुनः दुवै सदनबाट पारित गरेर प्रमाणीकरणका लागि पठाइने बताएका छन्।

पिछडा वर्ग महासङ्घको मधेस प्रदेश भेलामा सोमवार उनले राष्ट्रपति कार्यालयबाट नागरिकता विधेयक फिर्ता भएपनि विधेयक निष्क्रिय नहुने भएकाले छिट्टै पुनः प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरेर विधेयक

(बाँकी पाँचौं पातामा)

# निश्शुल्क स्वास्थ्य घुम्ती शिविर सम्पन्न

प्रस, वीरगंज, ३० साउन/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र,



तस्वीर: सौजन्य

प्रभु अस्पताल, सामुदायिक आँखा अस्पताल र रूँगटा वेलफेयर सोसाइटी वीरगंजको संयुक्त सहयोगमा सोमवार निश्शुल्क स्वास्थ्य घुम्ती शिविर सम्पन्न भएको छ।

हालै दिवङ्गत वीरगंजका व्यवसायी सुशील खेतानको सम्झनामा आयोजित निश्शुल्क घुम्ती शिविरमा १२० जनाको स्वास्थ्य परीक्षण गरिएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए।

घुम्ती शिविर सोमवार वीरगंज–४ बिर्तामा आयोजना गरिएको थियो। कार्यक्रममा वडाध्यक्ष जगत साह कानू, वडा प्रहरी कार्यालय, बिर्ताका प्रहरी निरीक्षक विशाल मल्ल, ट्राफिक प्रहरी निरीक्षक ध्रुवबहादुर दाहाल, प्रभु अस्पतालका डा रविरञ्जन साह, वीरगंज सामुदायिक आँखा अस्पतालका संयोजक महेशसिंह धामी, व्यवस्थित वीरगंज अभियानका संयोजक दिलीपराज कार्की, हन्ड्रेट्स ग्रुपका बिक्की सर्राफ, अलिडी युथ सोसाइटीका ओम झा, पियुषकुमार अग्रवाल, ग्रीन सिटीका रतन टेमानीलगायतको सहभागिता थियो।

कार्यक्रम ग्रीन सिटीका अध्यक्ष खेतानको अध्यक्षता तथा श्रीजङ्ग गण वीरगंज ब्यारेकका प्रमुख सेनानी डायमन्ड कार्कीको प्रमुख आतिथ्यमा भएको थियो।


## कोभिड-१९ को जोखिम पुनः देखा परेको छ।

यसबाट बच्न र बचाउन

- सही तरीकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तीमा दुई मिटरको दूरी कायम राखौं।
- समय–समयमा साबुन–पानीले हातधुने वा सेनिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिउँ गर्दा नाक–मुख छोप्ने गरौं।
- आफू बस्ने घर तथा कार्यालयलगायतका स्थानमा नियमित सेनिटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहरदोहर नहुने स्थान र भीडभाडमा नजाऔं।
- कोभिडको लक्षण देखिएमा अरूलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं।

**समयमा नै सतर्क र सचेत बनौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,